# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, कात्तिक ३० गते २०३३ साल

श्री ५ को सरकार

### गृह पञ्चायत मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले महिला प्रशिक्षण केन्द्र पोखराको भवन निर्माण गर्नको लागि गण्डकी अञ्चल कास्की जिल्ला, बाटुले चौर गा. पं. वार्ड नं. १ मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीहरूले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ।

पूर्व कालीखोलाको डिल, भीर, कि. नं. ३७७, पश्चिम महेन्द्र–गुफा जाने सडक कि. नं. ६३, उत्तर कि. नं. १४६, बाबुकाजी गुभाजु र कि. नं. १५० बनसुवा गुरूङस्यानीको बाँकी जग्गा, दक्षिण कि. नं. १८० आइतसिङ तामाङ र कि. नं. १७६ दीपबहादुर खत्रीको बाँकी जग्गा यति ४ किल्लाभित्रको कि. नं. १५१ को ८।०।३।० पूरै, कि. नं. १५२ को ८।७।०।१



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पूरै, कि. नं. १६६ को ३।७।०।३ पूरै, कि. नं. १६६ को २।१४।०।१ पूरै, कि. नं. १५३ को ८।६।१।३ पूरै, कि. नं. १५४ को ६।७।०।२ पूरै, कि. नं. १६७ को ६।७।१।१ पूरै, कि. नं. १६८ को ४।४।१।३ पूरै, कि. नं. १७८ को ४।५।३।३ पूरै, कि. नं. १६५ को २।८।१।३ पूरै, कि. नं. १७० को ०।६।१।१ पूरै, कि. नं. १७२ को ४।४।१।३ पूरै, कि. नं. १७७ को ३।५।२।० पूरै, कि. नं. १७३ को ५।२।२।१ पूरै, कि. नं. १७१ को ३।१४।०।२ पूरै, र कि. नं. १७६ को २।७।०।० पूरै समेतको जम्मा जग्गा ७४।१५।२।३ (चौहत्तर रोपनी पन्ध्र आना दुई पैसा तीन दाम) को जम्मा तिरो रू. १८।७३ (अठार रूपैयाँ त्रिहत्तर पैसा) लागेको कित्ता।

आज्ञाले–
शेरबहादुर शाही
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।